annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २०३ पृष्ठ १० | [illegible] मंसिर २०८१ | मार्ग कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | THURSDAY, NOVEMBER 28, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गाउँका अदालत, जानकार नहुँदा अलमल

संविधानको धारा २१७ मा भनिएको छ- कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको नेतृत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ। स्थानीय तहलाई न्यायिक अधिकार सहितको संवैधानिक व्यवस्था गरिएको यो मौलिक र नितान्त नयाँ व्यवस्था हो। त्यसअनुसार पालिकाका उपाध्यक्ष र उपप्रमुखको संयोजकत्वमा सबै पालिकामा न्यायिक समिति पनि गठन भए। तर, ७ वर्ष हुँदासमेत पालिकामा गठन भएका न्यायिक समिति अलमलमै छन्। राजनीतिक पृष्ठभूमिबाट निर्वाचित भएका जनप्रतिनिधिले कानुनी पाटो केलाउन नसक्दा न्यायिक समिति प्रभावकारी बन्न नसकेका हुन्।

समाचार पृष्ठ २

केशरराज क्षेत्री | बुटवल
- को रिपोर्ट



### न्यायिक समितिका अधिकार क्षेत्र

१) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग
२) अर्काको बाली नोक्सानी गरेको
३) चरन, घाँस, दाउरा
४) ज्याला मजदुरी नदिएको
५) घरपालुवा पशुपन्छी हराएको वा पाएको
६) ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको
७) नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षादिक्षा नदिएको
८) वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल सुविधा
९) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रूख बिरुवा लगाएको
१०) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको
११) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुनबमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको
१२) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टिस्थल, धार्मिकस्थल वा अन्य कुनै सार्वजनिकस्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको
१३) संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेको अन्य विवाद ।

## इजरायल र हिजबुल्लाहबीच युद्धविराम



**जेरुसलम** (एजेन्सी) : इजरायल र लेबननको सशस्त्र समूह हिजबुल्लाहबीच युद्धबिराम सम्झौता भएको छ। मंगलबार राति इजरायली सुरक्षा क्याबिनेटले युद्धविरामको प्रस्तावलाई स्वीकार गरेसँगै बुधबारदेखि युद्धविराम कार्यान्वयनमा आएको जनाइएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले लेबनान र इजरायलका प्रधानमन्त्रीसँग कुरा गरेको जनाउँदै उनीहरूले द्वन्द्व अन्त्य गर्ने अमेरिकी प्रस्तावलाई स्वीकार गरेको घेषणा गरेका थिए। उनले सामाजिक सञ्जाल एक्समार्फत भनेका थिए, 'आज मसँग मध्यपूर्वका लागि राम्रो समाचार छ। मैले लेबनान र इजरायलका प्रधानमन्त्रीसँग कुरा गरी यस्तो घोषणा गर्न पाउँदा खुसी छु। उनीहरूले द्वन्द्व अन्त्य गर्ने अमेरिकी प्रस्तावलाई स्वीकार गरेका छन्।'

अमेरिकी राष्ट्रपतिलाई समर्थन गर्दै इजरायलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले राष्ट्रपति जो बाइडेनसँग कुरा गरी लेबनानमा युद्धविराम सम्झौता हासिल गर्न इजरायललाई दिएको स्वतन्त्रताका लागि धन्यवाद दिएको छ।' युद्धविराम सम्झौता अमेरिका र फ्रान्सको मध्यस्थतामा भएको जनाइएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेन र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले जारी गरेको संयुक्त विज्ञप्तिमा लामो समयको अथक कूटनीति पछि इजरायल र लेबनानले आफूहरूबीचको शत्रुता समाप्त गरेको स्वीकार गरेका छन्।

सम्झौताले लेबनानमा लडाइँ बन्द गर्ने तथा हिजबुल्लाह र अन्य आतंकवादी संगठनको खतराबाट इजरायललाई सुरक्षित गर्ने छ। साथै स्थायी शान्ति पुनर्स्थापना गर्ने अवस्था सिर्जना गरी दुवै देशका बासिन्दालाई सुरक्षित रूपमा आफ्नो घर फर्कन अनुमति दिने जनाइएको छ।

सम्झौता अनुसार आगामी ६० दिनभित्र इजरायलले सेना फिर्ता गर्नेछ। अन्ततः दुवै पक्षका नागरिक चाँडै सुरक्षित रूपमा आफ्नो घर समुदायमा फर्कने, व्यवसाय सञ्चालन गर्ने र जीवनयापनमा सक्रिय हुनेछन्।

# प्रधानमन्त्री निर्देशन दिएको दियै, कार्यान्वयन गर्ने निकाय सुनेको नसुन्यै


सुरेन्द्र काफ्ले | काठमाडौं

प्रधानमन्त्री केपी ओलीले कामको शैली फेर्न र परिणाम दिन पटक-पटक मन्त्री र सचिवलाई निर्देशन दिएका छन। तर, जति निर्देशन दिए पनि कार्यान्वयन गर्ने निकायले सुनेको नसुने झैं गर्न थालेको भन्दै असन्तुष्टि जनाएका छन्। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रथम त्रैमासिकको समीक्षा बैठकमा पनि प्रधानमन्त्री ओलीले काम गर्ने शैली पुरानै भएको भन्दै असन्तुष्टि जनाए। यसअघि पनि ओलीले मन्त्री र सचिवलाई घचघच्याएका थिए। तर, सोचे जस्तो प्रगति हासिल हुन सकेको देखिँदैन। बुधबार प्रथम त्रैमासिकको समीक्षा बैठकमा प्रधानमन्त्री ओलीले स्रोतको सुनिश्चितताबिना अघिल्लो सरकारबाट प्रस्तुत बजेट आएकाले पनि काम गर्न सहज नभएको बताए।

उनले बजेटको समीक्षा गर्न सकिने, तर काम गर्ने शैलीमा भने आमूल परिवर्तन ल्याउनुपर्ने बताए। प्रधानमन्त्री स्वयम्ले बजेटमार्फत ११ हजार त नक्कली आयोजना ल्याइएको बताएका छन्। बहुवर्षीय योजना पनि २० लाख मात्रै छुट्ट्याएको भेटिएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पदाधिकारी, मुख्यसचिव र सचिवहरूसहितको बैठकमा प्रधानमन्त्री ओलीले भने,'११ हजार नक्कली आयोजना ल्याइएको छ। बहुवर्षीयखालका योजनामा यस वर्ष २० लाख मात्रै बजेट राख्ने खालका छन्।' उनले बजेट र कार्यक्रमका विसंगतिलाई व्यवस्थापन गर्नुपरेको बताउँदै विकृति अन्त्य हुनुपर्ने उल्लेख गरे। प्रधानमन्त्री ओलीले सोचे जति काम नभएकाले विद्यमान स्थितिमा परिवर्तन ल्याउन निर्देशन दिएका छन्।

उनले जनताका अपेक्षाबमोजिम ठोस र परिणाममूलक काम गर्न निर्देशन दिए। 'हरेक मन्त्रालयले उत्पादन, कृषि, ऊर्जा वा सूचना प्रविधि आदिका क्षेत्रमा हामीले नयाँ क्रान्तिकारी काम के गर्न सक्छौं भनेर सोच्नुपर्ने भएको छ। राष्ट्रिय विकासको काम र देशको अर्थतन्त्र परिचालन गफका भरमा चल्दैन,' उनले भने, 'प्रक्रियावादमा



मात्रै नअल्झिऔं। हामीले जनताका अपेक्षाबमोजिम ठोस र परिणाममूलक काम गर्न सक्नुपर्छ।'

प्रधानमन्त्री ओलीले देशमा रोजगारी र आम्दानी बढाउने नीति लिन पर्ने बताए । 'काम नहुँदा निरीह भएर हेरेर मात्रै हुँदैन, अब के गर्ने भन्ने ठोस योजना मलाई चाहियो,उनले भने, हामी सरकारमा भएको उपादेयता हुनुपर्‍यो। हिम्मतिलो तरिकाले अगाडि बढौं।' प्रधानमन्त्री ओलीले तल्लो वर्गलाई लाभ दिन गरी योजना बनाएर अघि बढ्नुपर्ने बताए। उनले प्रश्न गर्दै भने , 'तल्लो वर्गसम्म कसरी लाभ दिन सकिन्छ ? बन्द भएका उद्योगहरू के गर्ने हो ? हामीले चलाउन सक्दैनौं भने चलाउन सक्नेलाई चलाउन किन नदिने ? परिणाम नदिने र प्रभावकारी नहुने अनावश्यक संरचनाहरू किन राख्ने ? '

उनले अब अल्याङटल्याङ गर्ने समय नरहेको स्पष्ट पारे। उनले कुनै मन्त्रीको कार्यसक्षमता प्रभावकारी नभएमा त्यसमा पनि समीक्षा गर्नुपर्ने र कर्मचारीले उत्साहका साथ काम गर्नुपर्नेमा जोड दिए । प्रधानमन्त्री, मन्त्री र सचिवले सकारात्मक परिणामका लागि आफ्नो ठाउँबाट हस्तक्षेप गर्नुपर्ने बताए। उनले काम नगर्ने कर्मचारीलाई सरुवा मात्रै नगरेर कारबाही गर्नुपर्नेमा धारणा राखे।

प्रधानमन्त्री ओलीले सरकारका उपलब्धिहरू मानिसका व्यवहारमा देखिनुपर्ने भएकाले समीक्षा र बैठकहरूले मात्रै परिणाम नदिने भएकाले उत्पादन र परिवर्तनमा केन्द्रित हुन आग्रह गरे।

## रिट खारेज, प्रसाईं थुनामै रहने

काठमाडौं (अन्नपूर्ण) : साइबर अपराधको कसुरमा प्रहरी हिरासतमा रहेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई थुनामुक्त गर्न परेको रिट सर्वोच्च अदालतले खारेज गरेको छ।

न्यायाधीशद्वय महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले प्रसाईंलाई थुनामुक्त गर्न माग गर्दै दायर गरिएको बन्दी प्रत्यक्षीकरणको रिट बुधबार खारेज गरेको हो। उक्त रिट निर्देशनात्मक आदेशद्वारा खारेज गरिएको सर्वोच्चले जनाएको छ। सर्वोच्चको आदेशपछि प्रसाईं थुनामै रहने छन्।

प्रहरी हिरासतमा रहेका प्रसाईंलाई गैरकानुनी रूपमा थुनामा राखेको दाबी गर्दै गत शुक्रबार छोरा निराजनले बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेका थिए। साइबर अपराधको कसुरमा थुनामा रहेका प्रसाईंलाई गैरकानुनी रूपमा थुनामा राखेको भन्न नमिल्ने भन्दै सर्वोच्चले रिट खारेज गरिदिएको हो। काठमाडौं जिल्ला अदालतको अनुमति लिएर प्रहरीले प्रसाईंलाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ। 'फेक डकुमेन्ट' को आधारमा प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध दुष्प्रचार गरेको र अफवाह फैलाएको आरोपमा उनलाई केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको थियो।

# लाइन नकाटिने, उद्योगीका खाता रोक्न पत्राचार

सुनिता कार्की | काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता नतिर्ने उद्योगीका बैंक खाता रोक्का गर्न राष्ट्र बैंक, धितोपत्र बोर्ड र कम्पनी रजिष्टारको कार्यालयलाई पत्र पठाएको छ। विद्युत् नियमन आयोगले बक्यौता नतिर्ने उद्योगका लाइन नकाट्न, तर वैकल्पिक उपाय अपनाउन प्राधिकरणलाई सुझाव दिएको थियो। प्राधिकरणले विकल्प प्रयोग गरेरै बैंक खाता रोक्काका लागि पत्राचार गरिएको जनाएको छ। ३४ उद्योगको बक्यौता उठाउन कानुनले दिएको अधिकार प्रयोग गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए।

उद्योगको लाइन नकाट्ने तर वैकल्पिक उपायहरू अपनाउन सक्ने भन्ने विद्युत् नियमन आयोगको निर्देशनअनुसार लाइन काट्ने विकल्पमा प्राधिकरण अघि बढेको कार्यकारी निर्देशक घिसिङले बताए। 'नियमन आयोगले लाइन नकाट भनेपछि बक्यौता भएका उद्योगको लाइन काट्दैनौं।

तर, अरू विकल्प प्रयोग गर्न सकिने भनेको छ,' घिसिङले भने, 'अब बक्यौता भएका उद्योगीहरूको बैंक खाता रोक्का गर्ने, धितोपत्र निष्कासनमा रोक्का गर्ने, सेयर किनबेचमा रोक लगाउने जस्ता विकल्पमा प्राधिकरण अघि बढेको छ।' उनका अनुसार प्राधिकरणले बुधबार नै राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्टारको कार्यालयहरूलाई पत्र पठाएको छ। राष्ट्र बैंकलाई बक्यौता भएका उद्योगीहरूको खाता रोक्का गर्न प्राधिकरणले आग्रह गरेको छ।

उक्त पत्रमा प्राधिकरण ऐन, २०४१ को दफा ३२ (क) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, ०७६ को दफा ४०(२) एवं विभिन्न अदालतका फैसलाबमोजिम रकम असुलीको निम्ति सम्बन्धित कम्पनीहरूको खाताको रकम झिक्न नपाउने गरी बैंक खाता रोक्का गरिदिन आग्रह गरिएको छ। यस्तै धितोपत्र बोर्डलाई पनि सरकारी बाँकी सरह असुल गर्नुपर्ने रकमलाई दायित्वमा लेखांकन नगरेका कम्पनीमा सर्वसाधारणलाई सेयर बिक्रीको इजाजतमा रोक लगाइ प्राधिकरणको रकम असुली गर्न र सर्वसाधारणको रकम जोखिम नपार्न अनुरोध गरिएको छ।

बाँकी पृष्ठ ६

३४ उद्योगले तिर्न बाँकी जम्मा बक्यौता रकम
६ अर्ब ४१ करोड

